FREEDOM FORUM
Democracy • Human Rights • Media Freedom • RTI • Development

# नीति विश्लेषण पत्र

## सूचना प्रविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (सूचना प्रविधि विधेयक)

माघ, २०७८

## क) परिचय

सूचना प्रविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (सूचना प्रविधि विधेयक) विगत तीन वर्षदेखि संघीय संसदमा विचाराधीन छ । यो विधेयक सरकारले संघीय संसदको तल्लो सदन, प्रतिनिधिसभामा २०७५ साल फागुन २ गते दर्ता गरेको थियो । यो विधेयकले सूचना प्रविधिको विकास, प्रवर्द्धन र नियमन गर्न साइबर सुरक्षाको उचित व्यवस्था गरी साइबर अपराधलाई नियन्त्रण गर्ने, तथा सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित र मर्यादित बनाउने उद्देश्य राखेको छ । यो विधेयक ऐन बनेसँगै विद्युतीय कारोबार ऐन, २०६३ र राष्ट्रिय सूचना प्रविधि विकास समिति गठन आदेश, २०५८ खारेज हुने जनाएको छ । यस विधेयकमा कूल १९ परिच्छेद र १३१ दफा रहेका छन् । यस अघि नेपालमा विद्युतीय कारोबारलाई नियमन गर्ने विद्युतीय कारोबार ऐन, २०६४ र 'साइबर सुरक्षा' र 'साइबर चुनौती' बारे सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले केही विषय संबोधन गरे पनि 'साइबर सुरक्षा', 'साइबर अपराध', 'सामाजिक सञ्जाल', 'तथ्याङ्क संरक्षण' लगायत सूचना प्रविधि क्षेत्रका बहुआयामिक विषयवस्तु समेटेर तयार भएको पहिलो कानूनी प्रयास भने सूचना प्रविधि विधेयक नै हो । यस विधेयकको मस्यौदा तयार पार्दा देखि नै यसले तीब्र बहस सिर्जना गरेको छ, र यो बहस अहिलेसम्म जारी छ, किनकि यो संसदबाट पारित भैसकेको छैन । तल्लो सदनको विकास तथा प्रविधि समितिले दफाबार छलफल गरे पनि तत्कालीन प्रतिपक्षी नेपाली कांग्रेसका सदस्यहरुले भने प्रविधि समितिको बैठकमा नोट अफ डिसेन्ट लेखी विधयेकका कतिपय बूँदामा असहमति जनाएका कारण यो विधेयक समितिबाट अगाडि बढ्न सकेको छैन । फ्रिडम फोरम नागरिक अधिकारमा प्रत्यक्ष सरोकार राख्ने र सूचना प्रविधिका क्षेत्रका अनेक विषयलाई नियमनका आधार तय गर्ने उद्देश्य लिएको यस विधेयक माथिको जारी बहस र सुधारको विषयलाई निरन्तर अगाडि बढाउन संलग्न रहेको छ । यही सिलसिलामा यो नीति विश्लेषण पत्र तयार पारिएको हो ।

## ख) सान्दर्भिकता

नेपालमा पनि पछिल्लो एक दशकमा सूचना प्रविधिको द्रूततर विकास र विस्तार भएसँगै अनलाईन/डिजिटलस्पेसमा अभिव्यक्ति स्वतन्त्रताको अभ्यास निकै सहज भएको छ । यसले सार्वजनिक चासोका विषयमा हुने बहसलाई व्यापक जनस्तरसम्म फैलाउन मद्दत गरेको छ । नीतिनिर्माण तहमा नागरिक स्तरबाट हुने निगरानी र सुधारका लागि यस्ता बहसले योगदान दिने क्षमता राख्छन् । फेसबुक, ट्विटरलगायत सामाजिक सञ्जालका विभिन्न माध्यममार्फत् नागरिकले सहजै आफ्ना भनाइ राख्नुका साथै नागरिकका अन्य महत्वपूर्ण अधिकारहरु– सुसूचित हुने, पठनपाठन, व्यापार व्यवशाय, मनोरञ्जन, अध्ययन अनुसन्धान, स्वास्थ्य उपचार आदिको प्रवर्द्धनमा पनि सूचना प्रविधिले एक महत्वपूर्ण आधारका रुपमा योगदान पुऱ्याउन थालेको छ । एकातिर सूचना तथा सञ्चार प्रविधिमा आएको क्रान्तिका कारण नेपालमा इन्टरनेट

मुख्य सञ्चारमाध्यमको रुपमा विकास भएको छ र  मानव अधिकारको अभ्यासमा सहजता आएको छ भनें अर्कोतिर इन्टरनेट/डिजिटल प्लेटफर्ममा हुने कतिपय अवाञ्छित क्रियाकलापले साइबर अपराध बढाएको भन्ने तर्क पनि उत्तिकै पेचिलो हुन थालेको छ। पृष्ठभूमिमा यी विषयसँगै केही विद्यमान कानूनका आडमा पत्रकारलगायत सामान्य नागरिकलाई साइबर अपराधमा आरोपित गर्ने र दुःख दिने काम भइरहेको छ। यो समग्र परिप्रेक्षमा आएको यस सूचना प्रविधि विधेयकले नागरिक स्वतन्त्रता– विशेषगरी अभिव्यक्ति स्वतन्त्रता र गोपनीयताको हक लगायत आधारभूत मानवअधिकारको कति सम्मान, रक्षा र प्रवर्द्धन गर्छ भन्ने सवाल महत्वपूर्ण हुन पुगको छ।

## ग) विश्लेषणका आधारहरू

साइबर अपराध नियन्त्रणका लागि नयाँ कानून बनाउँदा तथा साइबर सुरक्षा नीति/रणनीति ल्याउँदा मानिसका अन्य अधिकार संकुचित हुनु हुदैन। अतः यस नीति विश्लेषण पत्रमा अभिव्यक्ति स्वतन्त्रता र मानवअधिकारको संरक्षणको परिप्रेक्षमा विधेयकका आपत्तिजनक प्रावधानहरूको पहिचान, समस्याका कारण र संशोधन साथै कतिपय प्रावधानको खारेजीका लागि पनि सुझावहरू प्रस्तुत गरिएको छ। यो विश्लेषण पत्रले नेपालको संविधान र प्रचलित कानून, मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेज जस्तै मानवअधिकारसम्बम्धी विश्वव्यापी घोषणापत्र (UDHR), नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध (ICCPR) र विश्वमा साइबर अपराध र साइबर सुरक्षासम्बन्धी विषयमा अहिले सम्म विश्वास भएको मध्ये धैरैले स्वीकार गरेको बुडापेष्ट कन्भेन्सन (Budapest Convention) का सम्बन्धीत प्रावधानहरुका आधारमा प्रस्तावित सूचना प्रविधि विधेयकमा सुधार तथा संशोधनका लागि सिफारिस गर्नुका साथै इन्टरनेट/साइबर स्पेसमा मानवअधिकारको संरक्षण, सम्मान र प्रवर्द्धनका लागि थप हुनु पर्ने अन्य विषय पनि समावेश गरिएको छ।

मुख्यरुपमा उक्त विधेयकको परिच्छेद ५ को दफा १९ देखि ३७ सम्म प्रयोग भएको नियन्त्रक (Controller) को व्यवस्था सम्बन्धी जस्तै उपदफा ३३, परिच्छेद ९ को दफा ५८ र ६२, परिच्छेद ११ को दफा ६७ देखि ७८, परिच्छेद १२ को दफा ८३, ८५, ८६, ८७, ८८, परिच्छेद १३ को दफा ८९, परिच्छेद १४ को दफा ९१, ९२, ९४ र परिच्छेद १७ को दफा ११५ देखि ११९ का प्रस्तावित व्यवस्थाहरु मानवअधिकारका दृष्टिमा निकै समस्याग्रस्त देखिएका छन्। फ्रिडम फोरमको अध्ययनमा यी प्रावधानमध्ये कतिपयको खारेजी त कतिपयको संशोधन आवश्यक देखिएको छ।

## घ) दफाबार विश्लेषण

**घ.१.**

### परिच्छेद ५ः नियन्त्रक र प्रमाणीकरण निकायसम्बन्धी व्यवस्था

दफा १९ देखि ३७ सम्म रहको परिच्छेद ५ ले “नियन्त्रक र प्रमाणीकरण निकायसम्बन्धी व्यवस्था” शीर्षकमा नियन्त्रक पद तथा प्रमाणीकरण निकायको स्थापना, तिनका काम, कर्तव्य, अधिकार र जिम्मेवारी सम्बन्धी प्रावधान समेटेको छ। अधिकांश निर्धारित अधिकार तथा जिम्मेवारी व्यवहारिक नै भएपनि समग्र कानून कार्यान्वययनका सन्दर्भमा नियन्त्रकले अभ्यास गर्ने अधिकार र जिम्मेवारी तथा यसैसँग जोडिएर बन्ने अन्य नियमन प्रावधानहरुले थप चिन्ता र संशय पैदा गरेका छन्। नियन्त्रकद्वारा कार्यान्वयन हुने विधेयकका धेरै प्रावधानहरु (खासगरी परिच्छेद ११, १२ र १७ मा रहेका) फौजदारी कसूरसंग सम्बन्धित छन् जसले थप चिन्ता सिर्जना गरेको छ। यस प्रकृतिका विषयको कार्यान्वयन न्यायिक प्रणालीद्वारा हुनु नै उपयुक्त हुन्छ।

दफा ३३ को प्रावधान प्रमुख चासोमध्ये एक हो। यसले “कुनै पनि कम्प्युटर प्रणाली, उपकरण, यन्त्र, तथ्याङ्क, सूचना प्रणाली र त्यस्तो प्रणालीसँग जोडिएको कुनै पनि सामाग्रीमा पहुँच पाउने अधिकार नियन्त्रकलाई हुनेछ” भन्ने व्यवस्था गरेको छ। यस्तो प्रावधान आफैमा फौजदारी न्यायको आधारभूत मान्यताको उल्लंघन हो। यस्तो कानूनी व्यवस्था तथा यस मार्फत

बन्ने अन्य कानूनी प्रावधानको उल्लंघन तथा दुरुपयोग हुन सक्ने पर्याप्त आधार समेत देखिन्छ। यो व्यवस्थाले नियन्त्रकलाई फौजदारी कसूरको अनुसन्धान गर्ने निकाय तथा अदालतलाई जतिनै अधिकार दिनेछ जो अनुचित र गलत हुनेछ।

**सुझावः विधेयकको दफा ३३ हटाउनु पर्छ।**

**घ.२**

**परिच्छेद ९ः डोमेन दर्ता र व्यवस्थापन**

दफा ५८ को उपदफा १ मा कुनै व्यक्ति वा संस्थाले डट एन्‌पी डोमेनमा नाम दर्ता गराउँदा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको संस्थामा तोकिए बमोजिम दस्तुर बुझाई दर्ता गर्नु पर्ने प्रावधान छ। तर कुनै पनि डोमेन नेम (एन्‌पी डोमेन समेत) दर्ता गर्ने अन्तिम अख्तियारी भने Internet Corporation of Assigned Name and Numbers (ICANN) हुने र कुनै पनि देशको Country Code Top Level Domain (CCTLD) पनि ICANN को नियम बमोजिम नै हुने भएकाले सो कुरा स्पष्ट गरी प्रस्तावित व्यवस्था संशोधन गर्नुपर्दछ।

**सुझावः विधेयकको दफा ५८ (१) ICANN को मान्यतालाई स्वीकार गरी संशोधन गर्ने।**

दफा ६२ मा यस ऐन वा यस अन्तर्गत बन्ने निमय विरुद्ध कसैले पनि अनौपचारिक (Unofficially) डोमेन नाम सञ्चालन गर्न र गराउन हुँदैन भनेको छ। यसको मतलब जोसुकैले पनि डोमेन दर्ता गर्दा सरकारसँग अनुमति लिनै पर्छ भन्ने बुझिन्छ। यसले सरकारी निकाय वा कर्मचारीलाई मन नलाग्दा डोमेन दर्ता नहुने देखिन्छ, यस प्रावधानको दुरुपयोगको प्रवल सम्भावना छ।

**सुझावः विधेयकको दफा ६२ हटाउनु पर्छ।**

**घ.३**

**परिच्छेद ११ः सूचना सुरक्षा र गोपनीयता सम्बन्धी व्यवस्था**

सूचना सुरक्षा र गोपनीयता सम्बन्धी व्यवस्था शिर्षकमा रहेको परिच्छेद ११ ले दफा ६७ देखि ७८ सम्म समेटेको छ। यसले कम्प्युटर तथा कम्प्युटर प्रणालीको सुरक्षा र गोपनीयताको संरक्षणका लागि अन्य कुराका अलावा विविध स्वरुपका फौजदारी कसूरजन्य कार्यलाई परिभाषित गरेको छ।

दफा ६७ मा व्यक्तिगत विवरण संकलन नगरिने भने पनि मौजुदा कानूनले तोके बाहेक भन्ने प्रावधानले समस्या पर्छ। अन्य प्रावधानको साहारामा कानूनले दिएको अधिकार भन्दै सरकारी व्यक्ति वा निकायले कुनै पनि नागरिकको गोप्य तथ्याङ्क खिच्ने, लिने देखिन्छ।

**सुझावः यो दफामा व्यक्तिगत विवरणको संकलन वैयक्तिक गोपनीयताको ऐनमा भएका प्रावधान अन्तर्गत हुनुपर्छ। व्यक्तिको विवरण जथाभावी संकलन गर्नु गोपनीयताको अधिकारको हनन् हो।**

**यस अन्तर्गत :** विद्युतीय स्वरुपको सूचनालाई क्षति पुर्‍याउन, अवरोध गर्न नहुने (दफा ७५), गोपनीयता भंग गर्न नहुने (दफा ७६), श्रोत सङ्केत नष्ट र परिवर्तन गर्न वा चोरी गर्न नहुने (दफा ७७), र विद्युतीय प्रणालीमा रहेको सूचना चोरी गर्न नहुने (दफा ७८) लगायतका विभिन्न फौजदारी कसूरहरु रहेका छन्। कम्प्युटर प्रणालीलाई सुरक्षा प्रदान गर्ने सन्दर्भमा

कम्प्युटर तथ्याङ्क तथा प्रणालीको गोपनीयता, विश्वसनीयता र पहुँच लगायतका विषयसंग सम्बन्धित प्रावधानहरु विभिन्न स्वरुपमा प्रचलित अन्तर्राष्ट्रिय मापदण्ड र असल अभ्याससंग असंगत र परस्पर विरोधी छन् ।

कम्प्युटर तथ्याङ्क तथा कम्प्युटर प्रणालीको गोपनीयता, विश्वसनीयता र पहुँचसंग सरोकार राख्ने फौजदारी कसूरसंग सम्बन्धित विषयका सन्दर्भमा बुडापेस्ट महासन्धिलाई आम रुपमा नै अन्तर्राष्ट्रिय मापदण्ड तथा असल अभ्यासको मानक तथा आधार दस्तावेजका रुपमा लिईन्छ । यस महासन्धिको खासगरि धारा २ देखि ६ सम्मका प्रावधानहरुले फौजदारी कसूरको प्रकृति र स्वरुपलाई तय गरेका छन् । जसलाई साईबर अपराध वा साईबर सुरक्षासंग सम्बन्धित कानून निर्माण गर्दा समेटिनु पर्दछ । यस अन्तर्गतः गैर कानूनी पँहुच (धारा २), गैर कानूनी अवरोध (धारा ३), तथ्याङ्कमा हस्तक्षेप (धारा ४), प्रणाली उपर हस्तक्षेप (धारा ५) र उपकरणहरुको दुरुपयोग (धारा ६) जस्ता प्रावधान छन् । यस्ता प्रकृतिका कसूरलाई साईबरसुरक्षा तथा साईबर अपराधसंग सम्बन्धित राष्ट्रिय कानून निर्माण गर्दा मानक आधारका रुपमा लिनुपर्छ । यसले राष्ट्रिय निति कानूनलाई अन्तर्राष्ट्रिय मानकसंग तादात्म्यता राख्नसमेत मद्दत गर्दछ ।

उपरोक्त सूचीकृत महासन्धिका विभिन्न धारामा उल्लेखित प्रावधानसंग राष्ट्रिय निति कानूनका व्यवस्था तादात्म्य नभएमा नमिलेको हदसम्म यस्ता व्यवस्थालाई बुडापेष्ट महासन्धिसंग असंगत व्यवस्थाका रुपमा लिईन्छ । यस्तो असंगत व्यवस्थाको फलस्वरुप कम्प्युटर तथ्याङ्क तथा कम्प्युटर प्रणालीको गोपनीयता, विश्वसनीयता र पहुँचमाथिको सुरक्षा अत्यन्त कमजोर हुन जान्छ ।

**सुझाव : विधेयकको दफा ७५ देखि ७८ सम्मका प्रावधान हटाएर बुडापेष्ट महासन्धिको धारा २ देखि ६ सम्म उल्लेखित प्रावधानको शब्द र भावना आत्मसात गरी नयाँ प्रावधान प्रतिस्थापन गरिनुपर्दछ ।**

## बुडापेष्ट महासन्धी

### धारा २ः गैर कानूनी पहुँच

विना अधिकार खास नियतले कम्प्युटर प्रणालीको सम्पुर्ण वा कुनै अंशमा पहुँच कायम गरिने कार्यलाई प्रत्येक पक्ष राष्ट्रद्वारा राष्ट्रिय कानून मार्फत फौजदारी कसूरको रुपमा स्थापित गर्न आवश्यक पर्ने विधायिकी तथा अन्य उपायहरु अबलम्बन गरिनेछ । एक पक्षराष्ट्रका लागि : सुरक्षा उपायमाथिको अतिक्रमण, कम्प्युटर तथ्याङ्क प्राप्त गर्ने उद्देश्य, वा अन्य खराब नियत, वा अर्को कम्प्युटर प्रणालीमा जोडिएको कम्प्युटर प्रणालीसंग सम्बन्ध लगायतका तत्वहरु हुन सक्ने कसूरको सन्दर्भमा आवश्यक पर्न सक्छन् ।

### धारा ३ः गैरकानूनी अवरोध

एक कम्प्युटर प्रणालीमा, यस प्रणालीमार्फत वा यसं प्रणालीभित्र हुने कम्प्युटर तथ्याङ्कको गैर-सार्वजनिक प्रसारणका क्रममा नियतपूर्वक भएको, विना अधिकार र प्राविधिक माध्यमद्वारा भएको अवरोधजस्ता कार्यलाई प्रत्येक पक्ष राष्ट्रद्वारा राष्ट्रिय कानून मार्फत फौजदारी कसूरको रुपमा स्थापित गर्न आवश्यक पर्ने विधायिकी तथा अन्य उपायहरु अबलम्बन गरिनेछ । यसले कम्प्युटर तथ्याङ्क रहने कम्प्युटर प्रणालीमार्फत हुने विद्युत चुम्बकीय उत्सर्जनमाथिको अवरोधलाई समेत समेट्छ । खराब नियत, वा अर्को कम्प्युटर प्रणालीमा जोडिएको कम्प्युटर प्रणालीसंग सम्बन्ध कायम गर्ने उद्देश्य लगायतका तत्वहरु यस्ता कसूरको सन्दर्भमा पक्षराष्ट्रलाई आवश्यक पर्न सक्छ ।

### धारा ४ : तथ्याङ्क हस्तक्षेप

१. विना अधिकार तथा नियतबस कम्प्युटर तथ्याङ्कमा क्षति पुऱ्याउने, मेटाउने, बिगार्ने, परिवर्तन गर्ने वा

रोक्ने कार्यलाई प्रत्येक पक्ष राष्ट्रद्वारा राष्ट्रिय कानून मार्फत फौजदारी कसूरको रुपमा स्थापित गर्न आवश्यक पर्ने विधायिकी तथा अन्य उपायहरु अबलम्बन गरिनेछ ।

२. अनुच्छेद १ मा उल्लेखित आचरणका कस्ता विषयले गम्भीर क्षति हुने परिणाम निम्त्याउछन् भन्ने अधिकार पक्ष राष्ट्रमै आरक्षित रहनेछ ।

### धारा ५ः प्रणाली हस्तक्षेप

कम्प्युटर प्रणालीमा काम गर्ने अधिकार बिना नियतवस आगत गरेर, प्रसारण गरेर, क्षति पुऱ्याएर, विगारेर, मेटाएर, परिवर्तन गरेर वा रोकेर गम्भिर अवरोध पैदा गरेमा प्रत्येक पक्ष राष्ट्रद्वारा राष्ट्रिय कानून मार्फत फौजदारी कसूरको रुपमा स्थापित गर्न आवश्यक पर्ने विधायिकी तथा अन्य उपायहरु अबलम्बन गरिनेछ ।

### धारा ६ः यन्त्रहरूको दुरुपयोग

१ प्रत्येक पक्षले बिना अधिकार गलत मनसायपूर्वक गरेका कार्यलाई आफ्नो राष्ट्रिय कानून अन्तर्गत फौजदारी कसूरको रूपमा स्थापित गर्न आवश्यक पर्ने विधायिकी तथा अन्य उपायहरू अवलम्बन गर्नेछन् ।

क) उत्पादन, बिक्री, प्रयोगको लागि खरिद, आयात, वितरण वा अन्यथा उपलब्ध गराउनेः

अ) मुख्य रूपमा धारा २ देखि ५ बमोजिम स्थापित कुनै पनि कसूर गर्ने उद्देश्यका लागि निर्माण गरिएको वा अनुकूल बनाईएको कुनै कम्प्युटर प्रोग्रामसहितको उपकरण ।

आ) कम्प्युटर पासवर्ड, पहुँच कोड, वा उस्तै तथ्याङ्क जसद्वारा कम्प्युटर प्रणालीको सम्पूर्ण वा कुनै हिस्सामा पहुँच बनाउन सकिन्छ ।

उपरोक्त उपकरण धारा २ देखि ५ सम्म स्थापित कुनै पनि कसूर गर्ने उद्देश्यका लागि प्रयोग गरिनेछ ।

ख). धारा २ देखि ५ बमोजिम स्थापित हुने कुनै पनि कसूरहरू गर्ने उद्देश्यका लागि माथि अनुच्छेद क. (अ) वा (आ) मा उल्लेख गरिएको वस्तुको प्रयोगको मनसायले यसको स्वामित्वलाई जनाउँछ । पक्ष राष्ट्रले स्वामित्वमा हुने त्यस्ता वस्तुहरुको संख्या फौजदारी आपराधिक दायित्व संलग्न हुनु अघिनै कानूनद्वारा निर्धारण गर्न सक्नेछ ।

२. यस धाराको अनुच्छेद १ मा उल्लेखित उत्पादन, बिक्री, प्रयोगको लागि खरिद, आयात, वितरण वा अन्यथा उपलब्ध गराउने वा स्वामित्वमा रहने सन्दर्भ यसै महासन्धिको धारा २ देखि ५ अन्तर्गतका कसूर स्थापना गर्ने उद्देश्यले गरिएको होईन । यस्तो अवस्थामा यस धारालाई आपराधिक दायित्व थोपर्ने व्यवस्थाका रूपमा व्याख्या गरिने छैन । बरु यस्तो व्यवस्था कम्प्युटर प्रणालीको सुरक्षा वा अधिकारिकता जाँचका लागि गरिएको हो ।

३. प्रत्येक पक्ष राष्ट्रले यस धाराको अनुच्छेद १ लागू नगर्ने अधिकार आरक्षित गर्न सक्छ, । तर आरक्षणले यस धाराको अनुच्छेद १. क (आ) मा उल्लेखित वस्तुहरूको बिक्री, वितरण वा अन्यथा उपलब्ध गराउने बस्तुहरुबारेमा सरोकार राख्दैन ।

## घ.४

## परिच्छेद १२ः साईबर सुरक्षा सम्बन्धी व्यवस्था

दफा ७९ देखि ८८ सम्म रहेको यो परिच्छेदको शीर्षक "साईबर सुरक्षा सम्बन्धी व्यवस्था" रहेपनि यसले समेटेका प्रावधानहरुसंग साईबर सुरक्षाको सम्बन्ध छैन वा अत्यन्त न्यूनमात्र छ । बरु यस परिच्छेदको दफा ८३ देखि ८८ मा बृहत्तर रुपमा, ब्यापक र भारी शब्दहरुले भरिएको सामाग्रीमा आधारित फौजदारी कसूरको प्रबन्ध गरिएको छ । यो प्रबन्ध आफैमा साईबर सुरक्षासंग अन्तरसम्बन्धित छैन बरु यसखाले प्रावधानले अभिब्यक्ति स्वतन्त्रताको आधारभूत मौलिक हकमाथि गम्भीर जोखिम तथा चुनौती पैदा गर्दछन् ।

दफा ८३ ले 'कसैले विद्युतीय प्रणालीको प्रयोग गरी अर्को व्यक्तिलाई निरन्तर रुपमा हैरानी गर्ने, जिस्क्याउने, होच्याउने, हतोत्साहीत गर्ने, अपमान गर्ने वा हप्काउने' जस्ता कार्यलाई "साईबर बुलिङ" भनी परिभाषित गरेको छ । यसै दफाले

यस्तो कार्य गर्न गराउन नहुने भनी प्रतिबन्धित समेत गरेको छ। साईबर बुलिङको साईबरसुरक्षासंग कुनै किसिमको सम्बन्ध रहदैन। यस दफाद्वारा प्रतिबन्धित विषयहरुको परिधि तथा क्षेत्र यस अर्थमा पनि धेरै महत्वपूर्ण छ किनकि यि प्रतिबन्धहरु अभिब्यक्ति स्वतन्त्रताउपर अन्तर्राष्ट्रिय मानव अधिकार कानूनले व्यवस्था गरेको औचित्यपूर्ण तथा मनासिव सीमाको दायराभन्दा धेरै फराकिला छन्।

**सुझाव : विधेयकको दफा ८३ हटाउनुपर्छ।**

दफा ८४ ले "साइबर आतंक" लाई निषेध गर्दै "कसैले विद्युतीय प्रणालीको प्रयोग गरी नेपालको राष्ट्रिय सुरक्षा, सार्वभौमसत्ता भौगालिक अखण्डता, राष्ट्रियता वा राष्ट्रिय एकता, स्वाधिनता, स्वाभिमान , सङ्घीय इकाइबीचको सुसम्बन्ध खलल पार्ने वा मुलुकको सुरक्षा वा तथ्याङ्क प्रणालीमा अवरोध सृजना गर्ने वा प्रतिकूल असर पार्ने कुनै कार्य गर्न वा गराउन हुदैन" भनी साईबर आतंकलाई परिभाषित गरेको छ। यो प्रावधान समेत अतिनै ब्यापक क्षेत्र ओगट्ने प्रकृतिको छ। परिभाषित प्रावधानका केहि पक्ष बैध हुन पनि सक्छन् तर समग्र प्रावधान र उल्लेखित प्रतिबन्धहरु अन्तर्राष्ट्रिय मानव अधिकार कानूनले व्यवस्था गरेको अभिब्यक्ति स्वतन्त्रताका औचित्यपूर्ण तथा मनासिव प्रतिबन्धको दायराभन्दा धेरै फराकिलो बनाईएको छ।

सुझाव : विधेयकबाट दफा ८४ हटाउनुपर्छ। वा बैकल्पिक रुपमा दफा ८४का प्रावधानलाई कम्प्युटर प्रणाली प्रयोगमार्फत राष्ट्रिय सुरक्षा उपर स्पष्ट र बस्तुनिष्ठ खतरा सिर्जना गर्ने विषयमा मात्रै सीमित र केन्द्रीत गर्ने प्रावधान राख्नुपर्छ।

दफा ८५ ले विद्युतीय प्रणाली प्रयोग गरी यौनजन्य दुर्व्यवहार मानिने कुनै पनि कार्य गर्न निषेध गरेको छ। यौनजन्य दुर्व्यवहारलाई फौजदारी कसूरका रुपमा व्यवहार गर्ने कुरा निश्चयनै बैध विषय हो। यो बैध विषय भएपनि दफा ८५ ले "यौनजन्य दुर्व्यवहार" लाई परिभाषित गरेको देखिदैन। त्यसैले खासमा यो दफाले यौनजन्य दुर्व्यवहार भनी कस्तो कुरालाई प्रतिबन्ध गरेको हो भन्ने कुरा सजिलै बुझ्न सकिदैन। यस अलावा सामान्य रुपमा हुने यौनजन्य दुर्व्यवहार भन्दा विद्युतीय प्रणाली प्रयोग मार्फत हुने यौनजन्य दुर्व्यवहारलाई किन फरक अपराधका रुपमा व्यवस्था गरियो भन्ने पक्ष समेत प्रष्ट छैन। जे भएपनि यस्तो दुर्व्यवहारको घटना कसरी घटित भएको छ भन्ने पक्ष अत्यावश्यक हो।

**सुझाव ५: दफा ८५ विधेयकबाट हटाईनु पर्दछ। विद्यमान फौजदारी संहितामा भएको यौनजन्य दुर्व्यवहार सम्बन्धि प्रावधानले विद्युतीय माध्यमको प्रयोग गरी हुने यौनजन्य दुर्व्यवहारलाई समेटेको छ।**

मुलूकी अपराध संहिताको दफा २२४ ले  यौन दुर्व्यवहार गर्न नहुने प्रावधान अन्तर्गत '....निजसँग अश्लील वा अन्य त्यस्तै प्रकारको शब्द मौखिक, लिखित, वा सङ्केतिक रुपमा वा विधुतिय मध्यमवाट प्रयोग गरेमा, अश्लील चित्र वा तस्वीर देखाएमा, यौन आशयले जिस्क्याएमा वा हैरानी दिएमा..... यौन दुर्व्यवहार गरेको मानिने छ.' यौन दुर्व्यवहारलाई आपराध मानेको छ।

दफा ८६ ले अश्लील सामाग्री उत्पादन, संकलन, वितरण, प्रकाशन, प्रदर्शन, प्रसार र खरिद  विक्रि गर्न गराउन नहुने व्यवस्था गरेको छ। यसै दफाले "कुनै अनुसन्धान, कानून कार्यान्वयन, अध्यापन वा चिकित्सकीय प्रयोजनको लागि उपरोक्त उल्लेखित प्रावधानको अपवादसमेत समावेश गरेको छ। तर यस्ता अपबाद अन्तर्गत प्रयोग हुने सामाग्रीहरु बाल यौनजन्य सामाग्रीमात्र हुनुपर्नेछ। यसरी बृहत्तर रुपमा सबै किसिमका यौनजन्य सामाग्रीमाथि प्रतिबन्ध लगाउने कुरा अन्तर्राष्ट्रिय मानव अधिकार कानूनले व्यवस्था गरेको अभिब्यक्ति स्वतन्त्रताका प्रावधानसंग असंगत देखिन्छ। बरु यो कसूरलाई बाल यौनजन्य दुर्व्यवहारसंग सम्बन्धित सामाग्रीमा मात्र केन्द्रित गरी बुडापेष्ट महासन्धिको धारा ९ संग तादात्म्य तथा अनुकूल बनाउनुपर्दछ।

**सुझाव : दफा ८६ लाई सबै किसिमका यौनजन्य सामाग्रीमाथि प्रतिबन्ध लगाउने कुराको सट्टा बाल यौनजन्य दुर्व्यवहारसंग सम्बन्धित सामाग्रीसंग मात्र केन्द्रित गरी बुडापेष्ट महासन्धिको धारा ९ संग तादात्म्य तथा अनुकूल रहने गरी संशोधन गरिनुपर्छ।**

## बुडापेष्ट महासन्धी

**धारा ९: बाल अश्लीलता (child pornography) सम्बन्धि कसूरहरु**

१. प्रत्येक पक्ष राष्ट्रले बिना अधिकार तथा नियतपुर्वक हुने निम्न आचरणहरुलाई आफ्नो घरेलु कानून अन्तर्गत फौजदारी कसूरको रूपमा स्थापित गर्न आवश्यक पर्ने विधायिकी र अन्य उपायहरू अवलम्बन गर्नेछ ।

क) कम्प्युटर प्रणाली मार्फत वितरणको उद्देश्य राखी बाल अश्लील साहित्यको उत्पादन गर्ने;

ख) कम्प्युटर प्रणाली मार्फत बाल अश्लील साहित्य सामाग्री उपलब्ध गराउने वा उपलब्ध गराउने प्रस्ताव गर्ने;

ग) कम्प्युटर प्रणाली मार्फत बाल अश्लील साहित्य सामाग्री वितरण वा प्रसारण गर्ने;

घ). आफ्नो लागि वा अर्को व्यक्तिको लागि कम्प्युटर प्रणाली मार्फत बाल अश्लील साहित्य सामाग्री खरिद गर्ने;

ङ) कम्प्युटर प्रणालीमा वा कम्प्युटर तथ्याङ्क भण्डारण माध्यममा बाल अश्लील साहित्य सामाग्री राख्ने ।

२. माथिको अनुच्छेद १ को प्रयोजनको लागि बाल अश्लील साहित्य शब्दले दृश्यात्मक रूपमा चित्रण गर्ने निम्न अश्लील सामाग्री समावेश गर्दछ :

क. नाबालिग स्पष्ट रुपमा यौन आचरणमा संलग्न भएको;

ख. नाबालिग जस्तो देखिने व्यक्ति स्पष्ट रुपमा यौन आचरणमा संलग्न भएको;

ग. नाबालिगलाई प्रतिनिधित्व गर्ने यथार्थवादी छविमार्फत स्पष्ट रुपमा यौन आचरणमा संलग्न भएको

३. माथिको अनुच्छेद २ को उद्देश्यका लागि नाबालिग शब्दले १८ वर्ष मुनिका सबै व्यक्तिहरूलाई समावेश गर्नेछ । यद्यपि, कुनै पक्ष राष्ट्रले यो भन्दा कम उमेरको सीमा आवश्यक ठान्न सक्छ जुन १६ वर्ष भन्दा कम भने हुनु हुँदैन ।

४. प्रत्येक पक्ष राष्ट्रले पूर्ण वा आंशिक रूपमा अनुच्छेद १, उप अनुच्छेदहरु (घ) र (ङ) र अनुच्छेद २, उप अनुच्छेदहरु (ख) र (ग) लागू नगर्ने अधिकार आरक्षित राख्न सक्नेछन् ।

दफा ८७ ले “विद्युतीय प्रणालीको उपयोग गरेर कसैलाई यौन शोषण गर्ने वा ठगी गर्ने वा अरु कुनै गैरकानूनी कार्य गर्ने मनसाय राखी कुनै प्रस्ताव राख्न, प्रलोभनमा पार्न, भेट्न वा कुनै गैरकानूनी गतिविधिमा लाग्न उक्साउन वा सो को लागि कुनै अनलाईन सम्बन्ध स्थापित गर्न प्रस्ताव गन” प्रतिवन्ध गरेको छ । यौन शोषणसंग सम्बद्ध गतिविधिलाई फौजदारी कसूरका रुपमा परिभाषित गर्ने काम निश्चयनै बैध हो । तर फौजदारी अपराध संहितामा भएका विद्यमान फौजदारी कसूरमा दुबै अनलाईन तथा अफलाईन स्वरुपमा हुने यौनशोषणलाई कसूरजन्य कार्यका रुपमा व्यवस्था नगरेर किन पूर्णतः अलग्गै कसूरका यो व्यवस्था गर्नुपर्‍यो भन्ने विषय प्रष्ट छैन । ‘ठगि’ शब्दले कस्तो अर्थ दिन्छ भन्ने पनि अस्पष्ट छ । यसले फौजदारी कसूरमा दुविधा तथा सम्भावित दोहोरोपनाको जोखिम निम्त्याउछ ।

**सुझावः दफा ८७ विधेयकबाट हटाउनु पर्छ । विद्यमान फौजदारी संहितामा भएको यौनशोषण र अन्य फौजदारी कसूरसंग सम्बद्ध प्रावधानले विद्युतीय प्रणालीको प्रयोग गरी हुने यौनशोषण गतिविधिलाई समेटेको कुरा माथि नै उल्लेख भइसकेको छ ।**

दफा ८८ ले केहि बृहत्तर क्षेत्र र प्रयोजनका लागि विद्युतीय प्रणालीको प्रयोगमा प्रतिबन्ध गरेको छ :

- “नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा राष्ट्रिय एकता, स्वाधिनता, सङ्घीय इकाईबीचको सु-सम्बन्धमा खलल पर्न सक्ने गरी बर्गीय, जातीय, धार्मिक, क्षेत्रिय, साम्प्रदायिक र यस्तै अरु कुनै आधारमा घृणा, द्वेष, अवहेलना उत्पन्न हुने कुनै काम कारबाही गर्ने वा बिभिन्न जात, जाती वा सम्पद्रायबीचको सम्बन्धमा खलल गर्नु गराउनु” ।

- “जातीय भेदभाव वा छुवाछुतलाई दुरुत्साहन दिने, श्रमप्रति अवहेलना गर्ने, अपराध गर्न दुरुत्साहन गर्ने ,शान्ति सुरक्षा भंग हुने कार्यलाई बढावा दिने वा प्रचलित कानून बमोजिम प्रकाशन वा प्रशारण गर्न रोक लगाएको कुरा प्रशारण वा संप्रेषण गर्ने वा सार्वजनिक सदाचार र नैतिकताको प्रतिकूल हुने कुनै कार्य गर्न गराउन” ।
- “मानव बेचविखन तथा अपहरण वा लागू औषध विक्रि वितरण वा प्रचलित कानूनले अपराधको रुपमा निषेध गरेको कार्य गर्न वा गराउन” ।
- “प्रचलित कानूनले विक्री तथा वितरण गर्न निषेध गरेको सामाग्री विक्री गर्न वा सो सम्बन्धमा विज्ञापन प्रकाशन, प्रशारण वा प्रदर्शन गर्न” ।

यो दफा मार्फत अन्य विद्यमान नेपाल कानून अन्तर्गत अघिदेखिनै गैर कानूनी तथा कसूरजन्य कार्यका रुपमा रहेका विषयलाई विद्युतीय प्रणालीमार्फत गर्न प्रतिबन्धित गरिएको छ। विद्युतीय प्रणालीमार्फत् पनि हुन सक्ने यस दफा अन्तर्गतका कसूरजन्य कार्यलाई फौजदारी संहितामा नै समेटिएको छ।

मुलूकी अपराध संहिताको दफा ४९ ले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक वा प्रादेशिक अखण्डता वा राष्ट्रिय एकतामा खलल पार्ने नियतले सैनिक तथा अर्धसैनिक सङ्गठन निर्मण गर्न, कुनै विदेशी राज्य, सरकार वा संगठित शक्ति संग मिली कुनै प्रकारको षड्यन्त्र गर्नु, र वर्गीय, जातीय, घर्मिक, क्षेत्रिय, सम्प्रदायिक र यस्तै अरु कुनै आधारमा घृणा, द्वेष वा अवहेलना उत्पन्न हुने कुनै काम कारबाही गर्न वा गराउनु लाई अपराध ठहर गरेको छ।

त्यसैगरी, मुलूकी अपराध संहिताको दफा ५० ले नेपाल सरकार वा नेपाल सरकारको काम कारबाहीको सम्बन्धमा कसैले लेखेर, वचनले, आकार वा चिन्हद्वारा वा अरु कुनै किसिमबाट निराधार वा अप्रमाणित कुरा देखाई नेपाल सरकारप्रति घृणा, द्वेष, वा अवहेलना गर्न वा गराउनुलाई राजद्रोहको अपराध मानेको छ. साथै संहिताको दफा ५१ ले राष्ट्रहित प्रतिकूल काम गर्न नहुने, दफा ५३ ले नेपाल विरुद्ध युद्ध गर्न वा नेपालसंग युद्धमा संलग्न राज्यका सेनालाई सहायता गर्न नहुने, दफा ५४ ले मित्र राष्ट्र विरुद्ध युद्ध वा विद्रोह गर्न नहुने, र दफा ५५ ले सैनिक वा प्रहरीलाई भड्काउन नहुने प्रावधान गरेको छ।

मुलूकी अपराध संहिताको भाग २ को परिच्छेद २ मा सार्वजनिक शान्ति विरुद्धको कसूर अन्तर्गत गैरकानूनी भेला गराउन नहुने र सार्वजनिक शान्ति खलल पार्न नहुने जस्ता प्राबधान राखिएको छ।

मुलूकी अपराध संहिताको भाग ३ अन्तर्गतको दफा २९३ देखि ३०४ सम्म वैयक्तिक गोपनीयता तथा प्रतिष्ठा विरुद्धको कसूरहरुको प्रावधान गरेको छ। संहिताको दफा २९५ ले कुनै व्यक्तिको अनुमति बिना नीजको तस्वीर खिच्न वा निजको तस्वीरसंग अरु कसैको तस्वीर राखी अर्को तस्वीर बनाउने कार्यलाई अपराध ठहर गरेको छ। सोहि दफाले एकको तस्वीरको केहि भाग गरको व्यक्तिको अर्को भागसंग राखी वा अन्य कुनै किसिमले विकृत रुपमा तस्वीर बनाउन वा प्रकाशन गर्न हुँदैन। साथै, अनुमति बिना एकको तस्वीर अरुलाई दिन वा विक्री गर्न नहुने, बिधुतीय मध्यमद्वारा गोपनीयता भंग गर्न नहुने, हैरान पर्ने बदनियतले बिद्युतीय मध्यमद्वारा धम्की दिने, सताउने, जिस्क्याउने, वा अन्य कुनै किसिमले अनुचित व्यवहार गर्न वा गराउन हुँदैन भन्ने प्राबधान गरिएको छ। साथै वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ को दफा ३, १३ र १६ ले पनि यस सम्बन्धी कसूरको कारबाहीको प्राबधान गरेको छ।

मुलूकी अपराध संहिताको परिच्छेद २५ को लिखत सम्बन्धी कसूर अन्तरगत, कसैलाई हानि, नोक्सानी, वा क्षति पुऱ्याउने वा आफु वा कसैलाई लाभ पुऱ्याउने नियतले....झुट्ठा विद्युतीय अभिलेख वा ... विद्युतीय अभिलेखको झुट्टा अंश वा भाग बनाउने कामलाई किर्ते मनेको छ. साथै संहिताको दफा २७९ ले जालसाजीलाई समेत अपराधिक कार्य ठहर गरेको छ।

मुलूकी अपराध संहिताको परिच्छेद २१ मा ठगीलाई आपराधिक कार्य मनेको छ। जुनसुकै माध्मबाट ठगी गरेपनि कारबाही चलाउन प्रयाप्त कानूनी आधार छ।

मुलूकी अपराध संहिताको दफा ३०५ले गाली तथा दफा ३०६ले बेइज्जतीलाई कसूर मानेको छ। संहिताको दफा ३०७ ले विद्युतीय वा अन्य आमसंचारका माध्यमबाट बइज्जती गरे वा गराएमा थप एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना हुने प्रावधान छ।

साथै, घटित हुने स्वरुप फरक (विद्युतीय प्रणाली) हुदैमा यस्ता कसूरजन्य कार्यका लागि किन अलग्गै कानूनी व्यवस्था गर्नुपर्‍यो भन्ने बारेमा यो व्यवस्था स्पष्ट छैन। यस्तो प्रावधान आफैले दोहोरोपना र दुविधा मात्रै सिर्जना गर्नेछ। यस अतिरिक्त यस दफाले प्रचलित कानून अनुसार कसूर नठहरिने विषय तथा गतिविधिलाई ब्यापक रुपमा प्रतिबन्धित गरेको छ। यसर्थ यस्ता गतिविधि त्यसबेला मात्र प्रतिबन्धित हुन्छन् जब यि विद्युतीय प्रणालीमार्फत घटित हुन्छन्। यो दफाले केहि ब्यापक अर्थ लाग्ने, अपरिभाषित शब्दावलीहरु समेत प्रयोग गरेको छ। जस्तैः "सार्वजनिक सदाचार र नैतिकताको प्रतिकूल हुने कुनै कार्य"। यस्तो व्यवस्थाले अभिब्यक्ति स्वतन्त्रताउपर जोखिम तथा चुनौति सिर्जना हुन्छ।

**सुझाव : विधेयकबाट दफा ८८ हटाउनुपर्छ। विद्यमान फौजदारी संहितामा भएका सम्बद्ध प्रावधानले विद्युतीय प्रणाली मार्फत घटित हुने यस प्रकारका गतिविधिलाई समेटेको छ।**

**घ.५**

**परिच्छेद १३ः सेवा प्रदायकसम्बन्धी व्यवस्थाः**

दफाः ८९ः सेवा प्रदायकले दायित्व व्यहोर्नु नपर्नेः प्रचलित कानून बमोजिम जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सेवा प्रदायकले कुनै तेस्रो पक्षको सूचना वा तथ्याङ्क वा लिंकमा पहुँच उपलब्ध गराएको कारणबाट मात्र उक्त सूचना वा तथ्याङ्क वा लिंकमा उल्लेख वा समावेश भएको कुनै तथ्य विरणको सम्बन्धमा उत्पन्न हुने कुनै फाजदारी दायित्व व्यहोर्नु पर्ने छैनः-

क) सेवा प्रदायक सूचना, तथ्याङ्क वा लिंकमा पहुँच पुर्‍याउने कार्यमा मात्र सीमित रहेको भएमा,

ख) सेवा प्रदायकले आफैं प्रसारण नगरेको, प्रसारणको उपभोगकर्ता आफैं चयन नगरेको र प्रसारणमा रहेको सूचना छनौट तथा परिवर्तन नगरेको भएमा,

ग) सेवा प्रदायकले उसको प्रणालीमा भण्डारण गरेको कुनै खास सूचना गैह्रकानूनी रहेको भनी कुनै सार्वजनिक निकाय वा अदालतबाट त्यस्तो सूचनामा पहुँच निष्कृय पार्न प्राप्त आदेश बमोजिकम सेवा प्रदायकले सूचना सामाग्री यथाशीघ्र हटाएमा वा पहुँच निष्क्रिय बनाएमा,

घ) सेवा प्रदायकले नियामक निकायको सम्बन्धित निर्देशनहरु पालना गरेको भएमा,

तर कुनै सूचना, तथ्याङ्क वा लिंकमा उल्लेख वा समावेश भएको कुनै तथ्य वा विवरणले प्रचलित कानूनको उल्लंघन गरेमा, जानिजानि वा कुनै ग्रैह्रकानूनी कार्य गर्न सेवा प्रदायक आफैंले दुरुत्साहन वा सहयोग गरेमाा सेवा प्रदायक आफ्नो दायित्वबाट मुक्त हुने छैन।

यहाँ प्रयोग भएको प्रतिबन्धात्मक व्यवस्था मुख्य प्रावधानको विपरित हुने भएकाले प्रतिबन्धात्मक वाक्यांशलाई सच्याउनु जरुरी छ। यसलाई यसरी भन्न सकिन्छ, माथि क, ख, ग को अवस्था बाहेकको अवस्थामा यस ऐन तथा यस ऐन बमोजिम बनेको नियम विपरित हुने गरी कुनै सूचना, तथ्याङ्क वा लिंक वा विवरणले प्रचलित कानूनको उल्लंघन गरेमा वा कुनै गैर कानूनी कार्य गर्न सेवा प्रदायक आफैंले दुरुत्साहन वा सहयोग गरेमा सेवा प्रदायक आफ्नो दायित्वबाट मुक्त हुने छैन।

**सुझावः विधेयकको दफा ८९ सेवा प्रदायकलाई सहजै उत्तरदायी बनाउने व्यवस्थालाई सुधार गरी संशोधन गर्नुपर्छ।**

घ. ६

## परिच्छेद १४: सामाजिक सञ्जालसम्बन्धी व्यवस्था

विधेयकका दफा ९२ देखि ९४ सम्मका प्रावधानले सामाजिक सञ्जालसंग सम्बन्धित नियमहरु बनाएको छ। विधेयकले सामाजिक सञ्जाललाई "कुनै व्यक्ति वा संस्थालाई एक अर्कासँग अन्तरक्रियात्मक सञ्चार गर्न सक्ने सुविधा तथा प्रयोगकर्ताले निर्माण गरेका विषयबस्तु प्रसार गर्ने सुविधा समेत प्रदान गर्ने इन्टरनेट वा सूचना प्रविधिमा आधारित प्रणाली" भनी परिभाषित गरेको छ।

दफा ९१ अनुसार कुनै व्यक्तिले नेपालमा सामाजिक सञ्जाल सञ्चालन गर्न चाहेमा सूचना प्रविधि विभागमा अनिवार्य दर्ता गर्नुपर्नेछ। यदि यो ऐन लागू हुनु अघिदेखिनै सञ्चालनमा रहेको सामाजिक सञ्जाल रहेछ भने तोकिएको समयभित्र विभागमा दर्ता गर्नुपर्नेछ। विना दर्ता सञ्चालित सामाजिक सञ्जाल बन्द गर्ने अधिकार सरकारमा निहित हुनेछ साथै दर्ता, सञ्चालन तथा नियमनसम्बन्धी अन्य व्यवस्था सरकारले निर्धारण गर्न सक्नेछ।

दफा ९२ ले विभागलाई सामाजिक सञ्जालमा सम्प्रेषित यस विधेयकबमोजिम कसूर हुने कुनै पनि विषयबस्तु हटाउन निर्देशन दिनसक्ने अधिकार दिएको छ।

अन्त्यमा दफा ९४ ले  सामाजिक सञ्जाल प्रयोगसंग सम्बन्धित विभिन्न प्रकारका फौजदारी कसूरको व्यबस्था गरेको छः

- नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकता, स्वाधिनता, स्वाभिमान वा राष्ट्रिय हित वा संघीय इकाईबीचको सुसम्बन्धमा खलल पर्न सक्ने गरी वर्गीय, जातीय, धार्मीक, क्षेत्रीय, साम्प्रदायिक र यस्तै अरु कुनै आधारमा घृणा, द्वेष, वा अवहेलना उत्पन्न हुने कुनै काम कारबाही गर्न वा गराउन वा त्यस्तो गर्ने उद्योग गर्न वा दुरुत्साहन दिन वा त्यस्तो काम गर्ने षडयन्त्र गर्न वा  विभिन्न जात, जाति वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल पार्नेजस्ता विषय सम्प्रेषण गर्ने,
- जातीय भेदभाव वा छुवाछुतलाई दुरुत्साहन दिनु, श्रमप्रति अवहेलना गर्ने, अपराध गर्न दुरुत्साहन गर्ने, शान्ति सुरक्षा भंग हुने कार्यलाई बढावा दिने वा प्रचलित कानून बमोजिम प्रकाशन वा प्रसारण गर्न रोक लगाएको कुरा प्रशारण वा संप्रेषण गर्ने वा सार्वजनिक सदाचार र नैतिकताको प्रतिकूल हुने कुनै कार्य गर्ने वा गराउनु,
- कुनै व्यक्तिलाई जिस्क्याउने, झुक्याउने, होच्याउने, हतोत्साही गर्ने, हप्काउने, घृणा तथा द्वेष उत्पन्न गराउने वा प्रापकलाई भ्रमित पार्ने आशयले सन्देश सम्प्रेषण गर्ने,
- प्रचलित कानूनले विक्री तथा वितरण गर्न निषेध गरेको सामाग्री विक्री गर्न वा सो सम्बन्धमा विज्ञापन प्रकाशन, प्रसारण वा प्रदर्शन गर्ने,
- विना तथ्य वा आधार कसैको चरित्र हत्या गर्ने उद्देश्यले वा प्रचलित कानून बमोजिम गाली बेईजति मानिने कुनै कार्य गर्ने,

जव माथि उल्लेखित कसूर घटित हुन्छ त्यसपछि दफा ९४ ले विभागलाई सक्रिय गराई सामाजिक सञ्जाल सञ्चालकलाई तत्काल त्यस्ता सामाग्री हटाउन निर्देशन दिन्छ।

उपरोक्त उल्लेखित दफागत प्रावधानले मानव अधिकारको दृष्टिमा चासो र चिन्ता उत्पन्न गराएका छन्। दफा ९१ बमोजिम सामाजिक सञ्जाल सरकारी निकायमा दर्ताको आवश्यकता,

विषेशतः सरकारमा रहेको सामाजिक सञ्जालको नियमन गर्ने र आवश्यक परे तिनलाई बन्द गर्न समेत सक्ने ब्यापक अधिकार लगायतका प्रावधानले अभिव्यक्ति स्वतन्त्रताको अधिकारमा गम्भीर जोखिम तथा चुनौति खडा गरेको छ। किन यति धैरै अधिकार आवश्यकता पर्‍यो वा सरकार यति धैरै शक्तिका साथ कस्तो खालको क्षतिलाई तत्काल रोक्न चाहान्छ भन्ने विषय भने अनुत्तरित र अष्पस्ट छ।

**सुझाव : विधेयकको दफा ९१ लाई हटाउनुपर्छ।**

दफा ९२ का सन्दर्भमा हेर्दा फौजदारी कसूर सिर्जना गर्ने खालका सामाग्री सामाजिक सञ्जाल प्लेटफर्मबाट हटाउनु पर्ने आवश्यकता पर्न सक्छ , यो औचित्यपूर्ण नै दखिन्छ। तर यस्तो प्रवन्धलाई कानूनमा समेट्दा फौजदारी कसूर कायम हुने विषयलाई अन्तर्राष्ट्रिय मानव अधिकारका मापदण्डसंग तादात्म्य तथा अनुकूल हुनेगरी व्यवस्था गरिनुपर्दछ। विषय र सन्दर्भ जे भएपनि सबैभन्दा महत्वपूर्ण पक्ष यो हो कि कुनै विषय वा कुरा कसूरजन्य वा गैरकानूनी हो वा होईन भन्ने प्रश्नको निरुपण ⁄ निर्धारण स्वतन्त्र न्यायिक निकायबाट हुनुपर्छ , सरकार वा सरकारी निकायबाट ठाडै गर्ने होईन।

**सुझाव : सामाजिक संञ्जालमा सम्प्रेषित जुनसुकै सामाग्रीले पनि फौजदारी कसूर सिर्जना गरेको हो होईन भन्ने कुराको निरुपण गर्ने र त्यस्तो सामाग्री हटाउनुपर्ने भए हटाउन आदेश दिने स्वतन्त्र न्यायिक निकायमात्र हुनुपर्छ जस्तैः अदालत। दफा ९२ लाई यो प्रावधानसहित संशोधन गरिनुपर्छ।**

अन्त्यमा दफा ९४ ले विधेयकको परिच्छेद १२ का अन्य दफामा भएका अधिकांश प्रावधानलाई नै दोहोर्‍याएको छ। त्यसैले माथि उल्लेख गरिएकै कारणका आधारमा यो दफालाई पनि हटाउनु पर्छ।

समग्रमा परिच्छेद १४ मा भएको दफा ९१ देखि ९४ सम्मको सामाजिक सञ्जालसम्बन्धी व्यवस्था मुलतः नागरिकको सामाजिक सञ्जालका विभिन्न प्लेटफर्ममार्फत् हुने अभिव्यक्तिलाई नियन्त्रण गर्ने मनसायबाट ग्रसित छ। यहाँ दिन सक्ने, रोक लगाउने, तथा यहाँ पनि अभिव्यक्तिको संवैधानिक सीमालाई फराकिलो बनाउने गरी प्रावधान राखिएको प्रष्ट छ। सामाजिक सञ्जालमार्फत् हुनसक्ने कसूर पनि अन्य प्लेटफर्ममा हुने कसूरजस्तै हुने भएकाले ... गाली बेइज्जती, राजद्रोह, राज्य विरुद्धको कसूर, गोपनीयता लगायतका विशिष्टिकृत कानून तथा फौजदारी संहिता लगायतले यस्ता विषयमा छुट्टै व्यवस्था गरेकाले यहाँ राख्नु जरुरी छैन।

**सुझावः विधेयकको दफा ९४ हटाउनुपर्छ।**

### घ.७

### परिच्छेद १५ः कसूर र सजाय

दफा ९७ कसूर गर्न दुरुत्साहन, दफा ९८ मतियारलाई सजाय, र दफा ९९ संगठित संस्थाबाट भएको कसूरसम्बन्धी सजायको व्यवस्थामा intermediary लाई दफा ८९ को दायित्व बाहेकमा गर्न नसकिने स्पष्ट हुनुपर्छ।

दफा १०० मा प्रचलित कानूनबमोजिम सजाय गर्न बाधा नपर्ने भन्ने उल्लेख छ। लेखिएको छ, "यस ऐन अन्तर्गत कसूर ठहरिने कुनै काम अन्य कुनै प्रचलित कानून बमोजिम पनि कसूर ठहरिने रहेछ भने त्यस्तो कसूर उपर छुट्टै कारबाही चलाई सजाय गर्न यस ऐनले बाधा पुर्‍याएको मानिने छैन।" यो दफा समस्याग्रस्त छ। एउटै कसूरमा दोहोरो मुद्दा लगाइनु हुदैन। विशिष्ट कानूनले अन्य कानूनमा सजाय हुने भए पनि छुट्टै अलग्गै कारबाही गर्ने बाटो खुला राखेकाले यो दफा दोहोरो सजाय गर्न नहुने फौजदारी न्यायको आधारभूत मान्यता विरुद्ध छ।

**सुझाव : विधेयकको दफा १०० हटाउनुपर्छ।**

त्यस्तै दफा १०२ को उपदफा (१) नेपाल सरकार वादी हुनेः यस ऐन बमोजिमको कसूरसँग सम्बन्धित मुद्दामा नेपाल सरकार वादी हुनेछ भनीएको छ। र, उपदफा २ मा उपदफा १ बमोजिमको मुद्दा मुलूकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को अनुसूची–१ मा समावेश भएको मानिने छ। यसको अर्थ फौजदारी कसूर ठहरिने बाहेक यस ऐन बमोजिमका सबै प्रकृतिका कसूरलाई सरकारवादी फौजदारी कसूर नै हुने व्यवस्था जनाउँछ, जुन गम्भीर समस्याको श्रोत बन्न सक्छ।

**सुझावः विधेयकको दफा १०२ हटाउने।**

घ.९

**परिच्छेद १७ : सूचना प्रविधि अदालत सम्बन्धी व्यवस्था**

दफा ११५ ले सबै प्रदेशमा सूचना प्रविधि अदालत स्थापनाको प्रावधान राखेको छ । जसले यस विधेयक अन्तर्गत भएका कसूरउपर कारवाही शुरु गरी न्याय निरुपण गर्नेछ । हरेक अदालत तीन सदस्यीय हुनेछ (एक कानूनको ज्ञाता, एक सूचना प्रविधि ज्ञाता र एक बाणिज्यको ज्ञाता)।

सबै अन्य फौजदारी कसूरको शूरु कारबाही जिल्ला अदालतबाट हुन्छन् तर किन यो विधेयक अन्तर्गतका फौजदारी कसूर उपर न्याय निरुपण गर्न नयाँ र छुट्टै अदालत जरुरी भयो भन्ने प्रश्नको उत्तर प्रष्ट छैन । यस व्यवस्थाले प्रस्तावित नयाँ अदालतमा नियुक्त हुने तीनमध्ये केवल एक सदस्यमात्र कानूनी रुपमा योग्य देखिन्छन् । अरु दुई जना सरकारको इच्छा बमोजिम तोकिने न्यायिक मनको अभाव भएका प्रशासनक हुन सक्छन् । त्यसैगरी अदालतमा को को सदस्य रहने भन्ने कुराको निश्चय र नियुक्तिसमेत सरकारलेनै गर्नेछ । यी समग्र पक्षहरुले गर्दा अदालतको स्वतन्त्रता र निष्पक्षतामाथि गम्भीर प्रश्न उठ्छ साथै बृहत्तर रुपमा यसले निश्पक्ष सुनवाईको अधिकारमाथि नै संशय र जोखिम पैदा गर्दछ ।

**सुझाव : विधेयकको दफा ११५ देखि ११९ सम्म हटाउनुपर्छ । विधेयक अन्तर्गतका फौजदारी कसूरको सुनुवाई अन्य फौजदारी कसूरजस्तै गरी जिल्ला अदालतबाट हुनुपर्छ ।**

घ. ९

**परिच्छेद १९: विविध**

दफा १२९ मा बाधा अड्काउ फुकाउने अधिकारः यस ऐनको कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नेपाल सरकारले सो बाधा अड्काउ फुकाउनको लागि नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आदेश जारी गर्न सक्नेछ भनी उल्लेख छ । तर यस दफा संविधानवाद, कानूनको शासन, शक्ति सन्तुलन र नियन्त्रणको मूलभूत मान्यता विपरीत छ । साथै कार्यकारीले वाधा अड्काउको आदेश जारी गरी राजपत्रमा सूचना निकालेकै भरमा ऐनका प्रावधानलाई निष्क्रिय बनाउन सक्ने देखिन्छ ।

**सुझावः विधेयकको दफा १२९ हटाउने**

## निश्कर्ष:

सूचना प्रविधि विधेयकका विभिन्न आयाम छन् । यस नीति विश्लेषणमा सबै पक्षलाई समेटिएको छैन । जस्तै सूचना प्रविधि क्षेत्रको व्यवसायको प्रवर्द्धन, सञ्चालन र नियमन, सूचना प्रविधिका विभिन्न सेवाहरुको विकास र नियमन, तथ्याङ्क संरक्षणसँग सम्बन्धित विषयहरु यस पत्रका समावेश छैनन् । मानवअधिकारका दृष्टिले केन्द्रित भै प्रस्तावित विधेयकका केही समस्याग्रस्त दफाहरुको सन्दर्भमा मात्र यस पत्रमा विश्लेषण गरी सुझाव प्रस्तुत गरिएको छ । यस विश्लेषणका आधारमा पनि विधेयकका विभिन्न दफाहरु हटाउन पर्ने र केही दफाहरु संशोधन र सुधार गर्नुपर्ने देखिएको छ । विधेयकलाई चालु संसदीय प्रक्रियाबाट नै सुधार गर्न सकिने गुञ्जायस कम देखिन्छ । संसदीय समितिमा सबै दलहरुबीच सुधार र संशोधनका लागि आम सहमति बन्न सकेमा विधेयकमा व्यापक सुधार गरी संसदको बैठकमा प्रस्तुत गर्न सकिने हुन्छ । तर प्रस्तावित दफाहरु हटाउन सरकारले नै तत्परता लिई समितिमा सहमति कायम गर्नु आवश्यक छ ।